# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, भदौ २६ गते २०४६ साल (संख्या २२

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

#### संस्था दर्ता (दोस्रो संशोधन) नियमावली, २०४६

संस्था दर्ता नियमावली, २०३४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले संस्था दर्ता ऐन, २०३४ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "संस्था दर्ता (दोस्रो संशोधन) नियमावली, २०४६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. संस्था दर्ता नियमावली, २०३४ को नियम ५ मा संशोधनः संस्था दर्ता नियमावली, २०३४ को नियम ५ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) र (५) राखिएको छ।

"(४) उपनियम (३) बमोजिमको म्यादभित्र दर्ता प्रमाणपत्र नवीकरण गराउन नसकेको संस्थाले २०४६ साल चैत्र मसान्तसम्म दर्ताको प्रमाणपत्र नवीकरण गराउन आएमा स्थानीय अधिकारीले उपनियम (३) बमोजिम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रत्येक वर्षको लाग्ने दस्तूर र थप एक सय रूपैयाँ दस्तूर लिई नवीकरण गर्न सक्नेछ ।

(५) संस्था नवीकरण गर्न निवेदन दिंदा कार्यसमितिका पदाधिकारीहरूको नामावली संलग्न गर्नु पर्नेछ ।"

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी ललितपुर प्राविधिक शिक्षालयलाई बेलायतको टियर फण्डबाट उपहारस्वरूप प्रदान हुने स्टर्लिङ पाउण्ड १७५० मूल्य बराबरको एडलर ६७–३७२ फ्ल्याट वेड सिलाई मिशिन थान दुईको पैठारीमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्ण रूपमा छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
ईश्वरकुमार श्रेष्ठ
उप-सचिव

श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले औषधि ऐन, २०३५ को दफा १ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा १२, १३, १४, १५, १६, १७, १८, १९, ३२, ३५ र ३६ नेपाल अधिराज्यभर आजका मितिदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

## सूचना २

श्री ५ को सरकारले औषधि स्तर नियमावली, २०४३ को नियम १ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावली नेपाल अधिराज्यभर आजका मितिदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

आज्ञाले,
वासुदेव प्रधान
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## सञ्चार मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को नियम ६.५ ले दिएको अधिकार प्रयोग गरी भिडियो चलचित्र घर बनाउन पाउने स्थान र भिडियो चलचित्र देखाउने स्क्रिनको नाप देहायबमोजिम तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. भिडियो चलचित्र घर बनाउन पाउने स्थान

पहिलो, दोस्रो वा तेस्रो स्तरको चलचित्र घर भएको स्थानबाट सबभन्दा नगीचको बाटोबाट कम्तीमा ७ (सात) किलोमिटर टाढा ।

तर भिडियो चलचित्र घर निर्माण भैसकेपछि पहिलो, दोस्रो वा तेस्रो स्तरको चलचित्र घर निर्माण गरिएमा माथि उल्लेख भएको कुराले कुनै बाधा पुऱ्याइएको मानिनेछैन ।

२. भिडियो चलचित्र देखाउने स्क्रिनको नाप

(क) एक सयदेखि दुई सयसम्म दर्शक बस्ने सीट संख्या भएको भिडियो चलचित्र घरमा कम्तीमा १०० इञ्चको वालस्क्रिन ।

(ख) दुई सय एकदेखि चार सयसम्म दर्शक बस्ने सीट संख्या भएको भिडियो चलचित्र घरमा कम्तीमा २०० इञ्चको वालस्क्रिन ।

(ग) चार सय एकदेखि सात सयसम्म दर्शक बस्ने सीट संख्या भएको भिडियो चलचित्र घरमा कम्तीमा ३०० इञ्चको वालस्क्रिन ।

## सूचना २

श्री ५ को सरकारले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को नियम १२.१ ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको चलचित्र जाँच समिति गठन गरेको छ ।

केन्द्रीय चलचित्र जाँच समिति

१. वागमती अञ्चलाधीश वा अञ्चलाधीशले तोकेको सह-अञ्चलाधीश वा सहायक अञ्चलाधीश – अध्यक्ष



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. प्रतिनिधि, सञ्चार मन्त्रालय — सदस्य

३. प्रतिनिधि, प्रमुख सम्वाद सचिवालय, राजदरबार ,,

४. प्रतिनिधि, नेपाल चलचित्र संघ ,,

५. प्रतिष्ठित व्यक्तिहरूमध्येबाट सञ्चार मन्त्रालयले तोकेको ३ (तीन) जना व्यक्ति ,,

## स्थानीय चलचित्र जाँच समिति

१. स्थानीय अञ्चलाधीश वा अञ्चलाधीशले तोकेको सह-अञ्चलाधीश वा सहायक अञ्चलाधीश वा प्रमुख जिल्ला अधिकारी — अध्यक्ष

२. अञ्चलाधीशले तोकेको पञ्चायत तथा वर्गीय संगठनका सदस्यहरूमध्येबाट २ (दुई) जना — सदस्य

३. सञ्चार मन्त्रालयले तोकेको १ (एक) जना व्यक्ति ,,

आज्ञाले,
विष्णुप्रताप शाह
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२६